# आर्थिक वर्ष २०७८/०७९

# को

# { वजेट वक्तव्य }

## पञ्चकन्या गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लाकुरीभञ्ज्याङ ।

**२०७८**

गाउँसभाको बैठकमा २०७८ साल असार १० गते बुधवार

उपाध्यक्ष सिता पराजुली खड्का ले

प्रस्तुत गर्नु भएको

# आार्थिक बर्ष २०७८/०७९ को

# बजेट वक्तव्य

पञ्चकन्या गाउँपालिका
गाउँ कार्यपालिकको कार्यालय
२०७८

**सम्माननीय अध्यक्ष महोदय**

सदियौं देखी एकात्मक राज्य ब्यवस्था सञ्चालन गर्ने मुलुकको रुपमा रहदैं आएको नेपाल यतीवेला संघियता कार्यान्वयनको चरणमा अघि वढिसकेको छ । विभिन्न काल खण्डहरुमा नेपाली जनताले गरेको बलिदान पुर्ण जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगाएत अन्य सवै आन्दोलनवाट प्राप्त उपलब्धीहरुको रुपमा हामीले प्राप्त गरेको पञ्चकन्या गाउँपालिकालाई आत्मानिर्भर वनाई अघि वढ्ने काम जटिल र चुनौतीपुर्ण अवश्य छ , तर यसलाई नमुना पञ्चकन्या निमार्णको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि वढ्नुको विकल्प छैन ।

आज असार १० गते, स्थानिय तहको स्थापना भएको करिब ४९ महिना पुरा भएको दिन म यस पञ्चकन्या गाउँपालिकाको उपाध्यक्षको हैसीयतले यस गरिमामय गाउँ सभामा आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेट पेश गर्न उभिएको छु । यस गौरव पुर्ण अवसरमा जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते र बेपत्ता नागरीकहरु प्रति सम्मान प्रकट गर्दछु ।

विश्वभर फैलिएको नया भेरियन्ट सहितको कोभिड - १९ कोरोना भाइरसको दोश्रो लहरको महामारीबाट सिर्जित भयावह स्थितिवाट हाल हाम्रा दैनिक क्रियाकलापमा प्रतिकुल असर सतहमा आएको अवस्था विद्यामन छ । यस विषम परिस्थितिका बावजुद अग्रपंतिमा रहि अनवरत रुपमा सेवा प्रवाह गर्नुहुने जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति सम्मान व्यक्त गर्न चाहन्छु । यस महामारीका कारण आफ्नो जीवन गुमाउन वाध्य स्वदेश तथा विदेशमा रहनु भएका नेपाली नागरिकहरु प्रति हार्दिक श्रद्धञ्जली, शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना सहित उपचाररत सम्पूर्ण नागरिकहरुको शिघ्र स्वास्थ्य लाभको कामाना गर्दछु । विश्वसामु देखापरेको यस विपत्तिले थप परम्परागत विकासको प्रकृयमा नयाँ चुनौती थप गरि विकासको गतिमा ब्रेक लगाउने अवस्था सिर्जना गरेको छ । त्यसवाट यस पञ्चकन्या गाउँपालिका पनि अछुतो छैन र हुनेछैन । सोहि कुरालाई चिर्दै विकासको गतिविधिलाई नयाँ सोचवाट डोऱ्याउनु पर्ने परिस्थिति हाम्रो सामु देखा परेको छ । सोही कुरालाई मध्यनजर गर्दै आगामी आ.व. को बजेटलाई कोरोना प्रतिरोधी विकास प्रति केन्द्रित गर्ने प्रयास गरेको छु ।

राजनैतिक क्षेत्रमा हामिले ऐतिहासिक फड्को मारेका छौं । गणतन्त्र संस्थापन पश्चात स्थानिय तहको निर्वाचन सम्पन्न भई स्थानिय शासन र विकास निर्माणमा प्रत्येक नागरीक आफैं संलग्न हुने वातावरणमा बढोत्तरी भएको छ । यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवशरको रुपमा उपयोग गरी जनचाहाना पुरा गर्ने अबको हाम्रो वाटो भनेको

तीब्र आर्थिक विकास नै हो । आत्मानिर्भर र स्वाधिन अर्थव्यवस्था हाम्रो प्रस्थान बिन्दु हो, समाजवाद उन्मुख अर्थत्रन्त  मार्फत सुखी नेपाली र समृद्ध नेपाल हाम्रो गन्तब्य हो ।

स्थानिय तहको गठन पश्चात आफ्नो गाउँठाउँको विकासमा जनताको अपनत्व वृद्धि हुन्छ । यस अवसरमा स्थानिय तहको निर्वाचनमा सहभागिता जनाई निर्वाचन लाई सफल वनाउदै लगातार जनसेवा गर्ने अवसर प्रदान गर्नुहुने सम्पूर्ण पञ्चकन्या वासीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु ।

आर्थिक समृद्धितर्फको यात्रामा अग्रसर हुने माध्यमको रुपमा रहेको वार्षिक वजेट असार १० गते भित्र गाउँसभामा प्रस्तुत गर्नुपर्ने कानुनी वाध्यता छ । यसै क्रममा स्थानिय तहले पाएका संवैधानिक अधिकार, १५औं योजनाले परिलक्षित गरेको सुखी नेपाली समृद्ध नेपालको दिर्घकालिन सोचलाई आत्मासाथ गरि चालु योजनाका लक्ष्यहरु, उद्धेश्यहरु तथा दिगो विकासको लक्ष्यहरु हासिल गरी सन् २०३० सम्ममा नेपाल लाई मध्यस्तरीय आय भएको मुलुकमा स्तरोन्नती गर्ने अभियानलाई थप टेवा पुग्ने गरी यस गाउँपालिकाको वजेट विनियोजन गरेको छु ।

देशको कमजोर आर्थिक वृद्धि, बढ्दो मुद्रास्फीति, भुकम्पवाट पुगेको क्षति जस्ता कुराहरुबाट पञ्चकन्या गाउँपालिका पनि पिडा विहिन अवस्थामा रहन सकेको छैन । तथापी सीमीत अन्तर सरकारी वित्तिय हस्तान्तरण वाट प्राप्त अनुदान र सामान्य आन्तरीक राजश्वको संयोजनबाट पनि जनआकांक्षा पुरा गर्ने खालका योजनाहरु तर्फ वजेटलाई डोर्याउने प्रयास भने अवश्य गरेका छौं ।

यो वजेट तयार गर्दा सम्म यस गाउँपालिकालाई सहयोग गर्ने विकास साझेदार हरुले केहि रकम दिने प्रतिवद्धता जनाई सकेको अवस्थामा यस्ता सहयोगी साझेदारहरु  संग निरन्तर संवाद जारी रहेको हुदाँ आर्थिक वर्षको विचमा प्राप्त हुने थप रकमहरुलाई पुरक अनुमान वाट खर्च गर्न सक्ने ब्यवस्था गरी म्याचिङ फण्डको समेत ब्यवस्था गरेको छु ।

भौगोलीक विकटताको वावजुत आन्तरीक र वाह्य पर्यटन विकास मार्फत आर्थिक समृद्धिको ढोका खोल्न सक्ने अवशरहरु हाम्रा सामु रहेका छन् । कृषि  र जलविद्युतको विकास वाट स्वावलम्वी अर्थतन्त्र निर्माण गर्न सक्ने हैसियत समेत यस गाउँपालिकाले राख्छ त्यसैले यस्ता क्षेत्रहरुको पस्किरण गर्दै गाउँपालिकालाई नमुना वनाउने अभियानलाई सार्थकता प्रदान गर्ने वाटो तर्फ वजेटलाई डोर्याउने प्रयास गरेको छु ।

यस गाउँपालिकाको आफ्नै आर्थिक ऐन समेत बनाईसकेको सर्न्दभमा यसवाट प्राप्त आन्तरिक आयवाट आउँदा दिनहरुमा भविस्यका मार्गचित्रहरु कोर्नको लागी थपवल अवश्य पुग्नेछ । यस्ता ऐन, नियमहरुलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पर्ने संस्थागत सृदृढिकरणको क्षेत्रलाई समेत समेट्ने गरी वजेटलाई मुर्तता दिने काम गरेको छु ।

ऐतिहासिक स्थानिय तहको निर्वाचन सम्पन्न पश्चात स्थानिय सरकारले तर्जुमा गरेको पहिलो, दोस्रो, तेश्रो र चौथो बजेटमा समेटिएका यस गाउँपालिकाका र सो अन्तर्गतका वडाहरुमा संचालित योजनाहरुमा नै पूँजीगत खर्च ८० प्रतिशतको हाराहारीमा हुने अवस्था देखीनुले आगामी आ. व. मा यसमा अझै सुधार गरेर अघि बढ्न सक्ने मार्ग प्रशस्त देखिन्छ । स्थानिय तह जनप्रतिनिधि विहिन अवस्थाको अन्त्य सँगै विगतमा योजना सम्पन्न गर्न आईपरेका समस्याहरुलाई स्थानिय सरकारको आगमनले सहज रुपमा समाधान हुँदै जाने कुरामा विश्वस्त छु ।

**सम्माननीय अध्यक्ष महोदय,**

यी सवै सकरात्मक उपलव्धी हुँदा हुँदै पनि पञ्चकन्याको अर्थतन्त्र चुनौती रहित भने छैन । अर्थतन्त्रमा देखिएका मुलभुत चुनौतीहरु यसप्रकार प्रस्तुत गरीएको छ :-

- ✓ शताब्दियौं देखी एकात्मक राज्यप्रणालीको अभ्यास गरेका हाम्रा लागी संघियता व्यवस्थापन नौलो प्रयोग हो । भर्खरै गठन भएको स्थानिय तहको संस्थागत, प्राविधिक र स्रोत परीचालन क्षमता वृद्धि गर्ने तथा यसको पुर्वाधार निर्माणका लागी आवश्यक स्रोत व्यवस्था गर्ने कार्य चुनौती पुर्ण छ ।
- ✓ आयोजना छनौटमा हुने विशेषज्ञको अभाव, कमजोर व्यवस्थापकिय क्षमता, कानुनी, नीतिगत र प्रक्रियगत जटिलताका कारण आयोजनाहरु समयमा सम्पन्न हुन सक्ने अवस्था छैन । तसर्थ विनियोजनमा प्रभावकारिता ल्याई लक्ष्य वमोजीम कार्यसम्पादन गर्नु चुनौतीपुर्ण रहेको छ ।
- ✓ जनताप्रतीको जिम्मेवारी र उत्तरदायित्वप्रतिको सचेतना विना स्थानिय तहवाट दिईने सेवाको सहज प्राप्ति हुन सक्दैन तसर्थ कानुनको परीपालना ,सेवा प्रवाहमा प्रभावकारीता , सुदृढ र सक्षम संस्थागत सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता ल्याउन चुनौतीपुर्ण छ ।
- ✓ भुकम्पवाट क्षती ग्रस्त सांस्कृतिक सम्पदा लगायत अन्य संरचनाहरुको पुनर्निर्माणमा भएको ढिलाईलाई चिर्दै पुनः निर्माणलाई नवनिर्माणमा बदल्नु पर्ने चुनौती हाम्रो सामु छ ।
- ✓ भौगोलिक विविधताले विकासको समन्यायीक बाडँफाड गरि गाउँपालिका भित्रका सबै क्षेत्रबाट एकैनासे प्रगती हासिल गर्ने कुरा चुनौती पुर्ण छ ।
- ✓ यतिवेला विश्वभर फैलिएको कोभिड १९ कोरोना भाईरसको महामारीवाट सृजित भयावह स्थितिवाट हाम्रा दैनीक क्रियाकलामा परेको प्रतिकुल  असरलाई न्यूनिकरण गर्दै कोरोना भाईरस रोकथाम तथा नियन्त्रण गरि नागरिको स्वास्थ्य सुरक्षा गर्ने कुरा हामिमाझ चुनौती पुर्ण छ ।

**सम्माननीय अध्यक्ष महोदय ,**

हाम्रा सामु विभिन्न चुनौतीहरु रहेता पनि स्थानिय सरकारको अवधारण पश्चात आगामी दिनमा यस क्षेत्र भित्र हुने आर्थिक क्रियाकलापका कारण उच्चदरको आर्थिक वृद्धि हुने आधार तय भएको छ । यस परिप्रेक्ष्यमा स्वायत्त स्थानीय सरकारको हैसियतमा विद्यामान अवसरहरुको सदुपयोग र चुनौतीहरुको सामना गर्ने गरी आगामी आर्थिक वर्षको वजेट तयार गरेको छु । यो वजेटको उदेश्यहरु यसप्रकार प्रस्तुत गरेको छु ।

- ❖ संघियता कार्यान्वयनमा सहयोग गर्ने,
- ❖ दिगो, समावेशी र उच्चदरको आर्थिक वृद्धि हासिल गर्ने,
- ❖ गाउँपालिकावाट प्रदान गरीने सेवामा नागरीक पहुँच वृद्धि गर्ने,
- ❖ स्थानिय सरकारको अनुभुती हुने गरी सेवा प्रवाह गर्ने।
- ❖ विकासका क्रियाकलापहको समन्यायीक वितरण गर्ने
- ❖ स्थानिय सरकारको विकास सम्वन्धि योजना र कार्यक्रमहरुमा नागरिकको अपनत्व विकास गर्ने
- ❖ विविध कारणले पछि परेका वा पारिएका वर्गहरुलाई मुलप्रवाहीकरण गरी राज्य सञ्चालनको मुलधारमा समावेश गराउने
- ❖ कारोनाको कहरवाट आम नागरिकलाई मुक्त बनाउँदै सामान्य जीवनमा फर्कन सक्ने वातावरण पैदा गराउने ।

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागी आगामी आर्थिक बर्षको वजेटका प्राथमिकताहरु देहाय वमोजीम निर्धारण गरेको छु ।

- ➢ संघियता कार्यान्वयन
- ➢ भुकम्पवाट क्षतीग्रस्त संरचनाहरुको पुन :निर्माण
- ➢ रोजगारीको अवसरमा वृद्धि
- ➢ सडक निर्माण र स्तरोन्नती
- ➢ गाउँपालिकाको भौतिक विकास
- ➢ शिक्षा, स्वास्थ्य,खानेपानी र सरसफाईमा लगानी
- ➢ पर्यटन पुर्वाधारको विकास तथा प्रवर्द्धन
- ➢ सार्वजनीक प्रशासन र सेवा प्रवाहमा सुधार
- ➢ कृषिको व्यवसायिकरण, आधुनीकिकरण, यान्त्रिकरण र वैज्ञानिकरण
- ➢ कृषिजन्य तथा पशुजन्य उत्पादनको भण्डारण तथा वितरण

- सामाजिक सुरक्षाको सुनिश्चितता
- कोरोना प्रतिरोधि विकासको शुरुवात

**सम्मानीय अध्यक्ष महोदय,**

अव म वार्षिक वजेट तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्न चाहान्छु

१) नेपालको संविधानले व्यवस्था गरेका मौलिक हक तथा अनुसुची ८ र ९ ले निदिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु

२) नेपाल सरकारको विनियोजन अध्यादेश २०७८ का प्राथमिकताहरु

३) नेपाल सरकारको आर्थिक वर्ष २०७८ /०७९ को वजेट वक्तव्य

४) वागमती प्रदेशको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र वजेट वक्तव्य

५) नेपाल सरकारको आर्थिक अध्यादेश २०७८

६) स्थानीय सरकार संचालन ऐनका प्रावधानहरु

७) स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४

८) विगत वर्षहरुमा गाउँ सभा र कार्यपालिकावाट पारित निर्णयहरु

९) सरोकारवालाहरुवाट प्राप्त राय सुझावहरु

१०) स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति तथा विषयगत समितिहरुवाट प्राप्त राय , सल्लाह र सुझावहरु

११) लेखा परिक्षण प्रतिवेदनले औंल्याएका सुझावहरु

१२) दिगो विकासका लक्ष्यहरु

१३) नेपालको १५ औं पञ्च वर्षिय योजना

१४) वागमती प्रदेशको पहिलो आवधिक योजना

**सम्माननीय अध्यक्ष महोदय,**

अव म यीनै चुनौती उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्ष ०७८/०७९ को बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**संघियता कार्यान्वयन:**

नेपाली जनताको बलीदान पुर्ण संघर्षवाट प्राप्त संघियता कार्यान्वयन गर्न आवश्यक भौतिक संरचनाहरुको निर्माण, आफ्नै स्थानिय तहको ऐन, कानुन,नीति नियमावली र कार्यविधिहरु निर्माण गरी नागरीकलाई सेवा प्रवाह गरिनेछ । आफ्नै न्याय प्रणालीमार्फत स्थानिय स्तरमा न्यायीक कार्य संम्पादन गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ । यस संगै मागमा आधारीत र यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकासका गतिविधिहरु संचालन गरि यस क्षेत्रका जनाताको चरम गरिवी न्यूनिकरण गर्ने प्रमुख नीतिलाई प्रभावकारी वनाउन आवश्यक वजेट विनियोजन गरेको छु ।

नेपालको संविधानको अनुसुचि-८ मा व्यवस्था भएका अधिकांश कार्यहरु स्थानिय तहवाटै संञ्चालन हुने गरी भएका वित्तिय हस्तान्तरणको माध्यमवाट स्थानिय सेवा प्रवाह र विकास निर्माणका कार्यहरु आफैं सञ्चालन गर्न सक्ने गरी रकम विनियोजन मार्फत गाउँमानै सिंहदरवारको अनुभुती हुनेगरी बजेटको लागी संघिय तथा प्रादेशिक विभाग र मन्त्रालय धाउन पर्ने अवस्थाको अन्त्य गरेको छु ।

**कृषि तथा पशु :**

मुलुकको कुल गार्हस्थ उत्पादनमा करिब ३० प्रतिशत योगदान गर्ने र दुई तिहाई नेपालीको प्रमुख पेशाको रुपमा रहेको कृषिको व्यवसायिकरण, आधुनिकिकरण, यान्त्रिकीकरण र वैज्ञानिकीकरण बिना समग्र देश तथा पञ्चकन्याको अर्थतन्त्रमा गुणात्मक सुधार हुन सक्दैन भन्ने मेरो मान्यता छ । त्यसैले कृषि क्षेत्रलाई परिस्कृत वनाउँदै उत्पादनमा वृद्धि गर्न तथा कृषि प्रणालीलाई वैज्ञानिक, व्यवसायिक र वातावरण तथा जलवायु अनुकुलित वनाउँदै आर्थिक वृद्धिको दिगो आधार तयार गर्न रु १ करोड ४२ लाख रकम विनियोजन गरेको छु । पशुपालन पेशालाई सहज बनाउने प्रक्रियाको निरन्तरता दिन एक वडा एक घाँसको श्रोत केन्द्र स्थापना ,एक वडा एक गोदाम,एक ३ वडामा दुग्ध संकलन केन्द्र ,पशु सेवा केन्द्र स्थापना तथा विक्रिमा अनुदानको नीतिलाई अवलम्वम्वन गर्न **पाठी उपहार , भुमि बैंक**को अवधारण **वेरोजगार यूवालाई माटो उपहार, यूवा प्रोत्साहन कोष , उत्कृष्ट कृषक सम्मान ,कृषकको ग्राहक स्थानीय सरकार कार्यक्रम तथा कारोवारमा आधारित अनुदान** जस्ता कार्यहरुको थालनी गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**सडक यातायात तथा झोलुङ्गे पुल :**

समग्र आर्थिक सामाजिक क्रियाकलापहरु विस्तार गर्ने, सेवा प्रवाहामा पहुँच वृद्धि गर्ने, गाउँपालिकाको कार्यालयलाई वडा कार्यालयहरु संग जोड्ने तथा गाउँपालिकामा रिङरोड निर्माण गर्ने परिकल्पना अनुरुप नयाँ सडक निर्माणको थालनी तथा पुराना सडकहरुको स्तरोन्नती गर्ने योजना स्वरुप सडक यातायातको लागि रु १३ करोड ७७ लाख ८७ हजार छुट्याएको छु । तथा गाउँपालिका भित्रका प्रत्येक वडाहरुलाई वाह्र महिना सडक संचालन गर्न सकिने गरि सडक स्तारोन्नती गर्न , कालोपत्रे गर्ने कार्यको शुरुवात गर्न र झोलुङ्गे पुलको निर्माण कार्यक्रमलाई सम्पन्न गर्नका लागि म्याचिङ्ग फण्डमा रहेको रकम वाट माथिल्ला सरकारहरुसंग समपुरक अनुदानमा छहरे राष्ट्रिय मा.वि हुदैं गाउँपालिका जोड्ने सडक कालोपत्रे गर्ने कार्यको लागि म्याचिङ्ग फण्डको व्यवस्था गरेको छु ।

**सम्माननीय अध्यक्ष महोदय,**

पञ्चकन्या गाउँपालिका वडा नं १, २, ३, ४ र ५ मा दिगो खानेपानी वितरणको अभावमा स्वच्छ र शुद्ध खानेपानी सुविधावाट यस क्षेत्रका नागरिक वन्चित रहनु परेको तथ्य यहाँलाई अवगत नै छ । यसै कुरालाई मध्यनजर गर्दै यस आर्थिक वर्षमा यस गाउँपालिका भित्र खानेपानीको सहज उपलब्ध गराउने उद्धेश्यले खानेपानी तर्फ रु १ करोड ४३ लाख ५० हजार रकम विनियोजन गरेको छु । विनियोजित रकमबाट साना खानेपानी आयोजनाहरु मात्र सम्पन्न गर्न सकिने हुँदा यसले यस क्षेत्रका जनताको माग बमोजिमको खानेपानी आपुर्ति हुन नसक्ने देखिएकोले एक घर एक धाराको नीति अनुरुप ठुला लगानी गर्न इच्छुक विकास साझेदारहरु DFID, UNICEF, MALTESER, UNDP, OXFAM, RUDEC, RSDC लगायतका अन्य गैरसरकारी संस्थाहरुसँग सम्वाद गरी यस आर्थिक वर्षको विचमा विकास साझेदारहरु वाट प्राप्त हुने रकममा गाउँकार्यपालिकाको पुँजिगत रकमवाट थप रकम समपुरक कोषमा छुट्याएर ठुला खानेपानी आयोजना सम्पन्न गर्ने वाटो समेत खुल्ला राखेको छु । साथै माथि उल्लेखित सिलिङवाटै खर्च हुनेगरि भेडावारी वयगाउँ बृहत खानेपानी आयोजना र जैसी गाउँ फुर्केसल्ला खत्रिवेसी खानेपानी आयोजना ठुला आयोजनाको रुपमा सम्पन्न गर्ने व्यवस्था गरेको छु ।

**स्वास्थ्य :-**

सबै पञ्चकन्याबासीले गुणस्तरीय स्वास्थ्य सेवा सुलभ दरमा प्राप्त गर्न सकुन् भन्ने उद्देश्यले म स्वस्थ मेरो गाउँ स्वस्थ, गाउँघर क्लीनीक, **संस्थागत सुत्केरी गाउँपालिका** घोषण गर्ने अभियानलाई पुर्णता दिनको लागि **Birthing At HealthCenter** जस्ता कार्यक्रमहरु संचालनमा ल्याउन तथा महिला स्वास्थ्य स्वयंसेवीकाहरुको क्षमता वृद्धि कार्यक्रम संचालन तथा मुटु रोगी, मृगौला र क्यान्सर रोगीहरुको अप्रेशन गर्न पर्ने अवस्थामा जनही रु ५० हजार सम्म सहयोग दिन सक्ने गरी आगामी आर्थिक वर्षमा स्वास्थ्य क्षेत्रको लागि जम्मा रकम ३ करोड ०९ लाख ५५ हजार विनियोजन गरेको छु ।

सृष्टिको सञ्चालिका नारीको सुत्केरी अवस्था र नवजात शिशुको शारिरिक स्थास्थ्य समस्यामा सुधार ल्याउन **"सुत्केरीको साथी उपाध्यक्ष"** कार्यक्रम संचालन गर्दै मातृ शिशु मृत्युदर न्युनिकरण गर्न पौष्टिक आहार र न्यानो झोला वितरण कार्यलाई प्राथमिकताका साथ कायम राख्दै माथिकै सिमाबाट रु ६ लाख विनियोजन गरेको छु । कोभिड १९ वाट प्रताडित नागरिकहरुको पिडामा घाउमा मलम लगाउने उदेश्यले सम्भावित संक्रमणको रोकथाम र नियन्त्रण गर्न छुट्टै कोष खडा गर्न यस आ.व मा उक्त कोषमा थप रकम रु ३५ लाख विनियोजन गरेको छु । साथै सोही कोषवाट यस महामारीमा अग्रपंतिमा रहि सेवा प्रवाह गर्ने स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरुको लागि प्रोत्साहन भत्ता, क्वारेन्टाईन व्यवस्थापन, खाद्य बैंकको संचालन, पि.सि.आर परिक्षण जस्ता शिर्षकहरुमा खर्च गर्ने व्यवस्था मिलाएको छु ।

**शिक्षा :-**

विद्यालय शिक्षालाई समतामुलक र गुणस्तरीय वनाउँदै विद्यालयको व्यवस्थापकिय क्षमता अभिवृद्धि गर्ने गरी विद्यालय क्षेत्र विकास कार्यक्रम स्थानिय तहवाटै संचालन हुने हुँदा यसका लागी आ.व. २०७८/०७९ मा यस क्षेत्र भित्रका शैक्षिक संस्थाहरुलाई भौतिक रुपले सक्षम वनाउन, स्वयंसेवक शिक्षक कार्यक्रमको निरन्तरता प्रदान गर्न, नमुना र प्राविधिक विद्यालय सञ्चालन गर्न ,विभिन्न शैक्षिक तालिमहरु संचालन गर्न साथै निवृत्त हुने शिक्षकहरुलाई गोल्डेन ह्याण्डशेक जस्ता कार्यक्रम संचालनको लागि रु १० करोड ७२ लाख ५४ हजार छुट्याएको छु ।

शिक्षा एउटा त्यस्तो हतियार हो जसले विश्व वदल्न सक्छ त्यसैले कुनैपनि नागरिकले शिक्षा जस्तो मौलिक हकवाट वञ्चित हुनु नपरोस् भन्ने ध्येयले पारिवारिक र आर्थिक समस्याको कारणवाट विद्यालयको शैक्षिक ज्ञान प्राप्त गर्नवाट वञ्चित टुहुरा र दलित वाल वालिकालाई शिक्षाको मन्दिरमा प्रवेश गराउन **"टुहुरा र दलित वालवालिकाको साहारा**

**अध्यक्ष"** कार्यक्रम मार्फत आर्थिक सहयोग प्रदान गर्ने कार्यको निरन्तरताको लागि माथिकै सिलिङबाट रु.२ लाख विनियोजन गरेको छ ।

## संस्कृति र पर्यटनः-

पञ्चकन्या गाउँपालिकालाई उत्कृष्ट पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न पर्यटकिय प्रचुरता भएका प्रमुख स्थलहरुलाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न गुरुयोजना तयार गर्ने र पर्यटकीय पदयात्रा मार्ग निर्माण तथा विकासको कार्यकमलाई प्राथमिकता साथ अघि वढाउन आवश्यक बजेट छुट्याएको छ ।

हाम्रो गाउँपालिकाको पहिचानको रुपमा रहेको हाम्रो कला, सभ्यता र मौलिक संस्कृतिको संरक्षण तथा सम्वर्द्धन मार्फत पर्यटन ब्यवसायलाई थप टेवा पुगोस् भन्ने अठोटका साथै देशलाई आजको स्थितीसम्म ल्याईपुर्‍याउन ईतिहासका विभिन्न काल खण्डमा भएका पञ्चायत आन्दोलन दश वर्ष शसस्त्र संर्घष , २०६२/६३ को जनआन्दोलन , मधेस आन्दोलनहरुमा रगतले मातृभुमिलाई सिंचित गर्दै प्राणोत्सर्ग गर्ने यस गाउँपालिका भित्रका सम्पुर्ण महान शहिदहरुको सम्मानमा घ्याङस्वारामा संयूक्त सहिद स्मारक निर्माण कार्य तथा समग्र यस क्षेत्रको लागि पुजिगत तर्फबाट  गरि जम्मा रु. १ करोड १३ लाख ७० हजार विनियोजन गरेको छ ।

## लक्षित कार्यकम :-

महिला, वालवालिका, दलित, अल्पसंख्यक जस्ता वर्गहरुलाई सामाजिक सशक्तीकरण मार्फत गाउँपालिकाको विकास निर्माण लगायतका अन्य क्षेत्रमा समाहित गर्दै स्थानिय शासन संचालनको मुलधारमा मुल प्रवाहिकरण गर्न लक्षित कार्यकक्रमको लागि आवश्यक विनियोजन गरेको छ । अपांगमैत्री रोजगारीका अवसरहरुको खोजी गरि सफलताको वाधक असमक्षता होईन भन्ने भावना जागृत गराई गाउँपालिका भित्र रहेका अपांगहरुलाई स्वावलम्वन तर्फ उन्मुख गराउन आ.व. २०७६।०७७ देखि सुरु गरिएको **"अपागं संग जनप्रतिनिधि"** कार्यक्रमको निरन्तरताको  लाग समेत माथिकै सिलिङबाट खर्च हुने गरि आवश्यक रकम विनियोजन गरेको छ ।

## युवा तथा खेलकुद :

भविष्यमा खेलकुद मार्फत पञ्चकन्या गाउँपालिकालाई चिनाउन योगदान पुर्‍याउन अन्तराष्ट्रिय खेलकुदमा सहभागिता जनाउने यस क्षेत्रका खेलाडीहरुको एक तर्फी हवाई टिकट

र होटल वास खर्चको व्यवस्था गर्ने, राष्ट्रिय खेलकुदमा सहभागी भई स्वर्ण , रजत र कास्य पदक जित्ने खेलाडीहरुलाई क्रमश: ५० हजार ३० हजार र २० हजार उपलव्ध गराउने तथा अन्तराष्ट्रिय खेलकुदमा स्वर्ण , रजत र कास्य पदक जित्न सफल खेलाडीहरु लाई क्रमश : रु.३० हजार, २० हजार, १० हजार उपलव्ध गराउने कार्यक्रमको निरन्तरताको लागि आवश्यक रकम व्यवस्था गरेको छु ।

अर्न्तपालिका विच आपसी सद्भाव कायम राख्न तथा विकासका गतिविधिहरुको अनुभव आदन प्रदान गर्न अर्न्तपालिका स्तरिय दोश्रो पञ्चकन्या **चेयरमेन कप भलिबल** प्रतियोगीताको लागी १० लाख गरि समग्र खेल क्षेत्रको विकासको लागी रु. १८ लाख विनियोजन गरेको छु ।

## सुचना प्रविधि र संचार :

यस गाउँपालिकाको विकासको विषयमा उत्कृष्ट समाचार सम्प्रेषण गर्ने उत्कृष्ट पत्रकार छनौट गरि **उत्कृष्ट विकास पत्रकारीता** पुरस्कार प्रदान गर्न, यस गाउँपालिकावाट सम्पादन भएका कार्यहरुलाई पारदर्शी वनाउन प्रयोग गरीने विभिन्न विज्ञापन, पोस्टरिङ, सार्वजनिक सुनुवाई, रेडियो कार्यक्रम, यस गाउँपालिकाको केन्द्रीय कार्यलय , सम्पुर्ण विषगत शाखा र वडा तहवाट नियमित प्रकाशित हुने सन्देश ,शुभकामना लगायत सुचना सामाग्रीहरुको छपाई तथा प्रसारण गर्ने सञ्चार माध्यामहरुलाई सुचिकृत गरि कार्यपालिकाले तोकेको वार्षिक रकम उपलब्ध गराउने गरि र प्रविधि व्यवस्थापन जस्ता कार्यक्रमहरुको लागी आवश्यक रकम विनियोजन गरेको छु । साथै माथिकै सिलिङवाट खर्च हुने गरि गाउँपालिकाको पहलमा स्थानीय एफ.एम सेवा सञ्चलनको लागि रु २१ लाख विनियोजन गरेको छु ।

## सिंचाई :-

कृषिको वैज्ञानिकिकरण र आधुनिकिकरण को अभियान त्यतिवेला मात्र गन्तव्यमा पुर्‍याउन सकिन्छ जव प्रत्येक जमिनलाई १२ महिना चल्ने सिंचाई सुविधाले सिञ्चीत गर्न सकिन्छ भन्ने मुल मन्त्रको आधारमा यस पञ्चकन्या गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७८/०७९ को वजेटवाट रु. २५ लाख ५० हजार सिंचाईको लागि विनियोजन गरेको छु ।

## भु-क्षय नियन्त्रण तथा विपत् व्यवस्थापन :-

पहाडी धारिलो जमिनले अधिकांश भु-भाग ओगटेको यस गाउँपालिकामा वर्षायामको वाढि तथा पहिरोवाट सडक, सिंचाई तथा विद्यालयहरुमा पर्न जाने जोखिमहरु न्यूनिकरण गर्दै

दिगो विकासको अवधारणलाई मूर्तरुप दिन भु-क्षय नियन्त्रण तथा विपद व्यवस्थापनको लागि ४३ लाख व्यवस्था गरेको छु ।

**भवन :-**

गाउँ गाउँमा सिंहदरवार पुर्‍याउने संघीय सरकारको अभियान स्वरुप जन्मन पुगेको पञ्चकन्या गाउँपालिकाको बहुवर्षिय ठेक्का मार्फत आफ्नै पक्की भवन निर्माण गरि प्रभावकारी सेवा वितरणमा सहजता प्रदान गर्न , ४ नं वडा कार्यालयको पक्की भवन निर्माण गर्न र सामुदायिक तथा सहकारी भवन निर्माण गर्ने उदेश्य लिई आगामी आर्थिक वर्षमा भवन निर्माण सम्पन्न गर्नको लागि रु १ करोड ९० लाख ५० हजार रकम भुक्तानी हूने व्यवस्था गरेको छु ।

**बिबिध तथा भैपरी आउने कार्यक्रमहरु**

मानसिक शुद्धीकरण विना सामाजिक रुपान्तरणको खोजी गर्नु भनेको बन्द अध्यारो कोठामा निदाईरहेको कालो विरालो खोज्नु सरह हो । त्यसैले समाजमा व्याप्त लैंगिक, धार्मिक, जातिय लगायत अन्य कारणबाट मानसिक समस्याले ग्रस्त नागरिकहरुको मनोवैज्ञानिक समस्या सुधार गरि विकासको अभियानमा समावेश गराउन आवश्यक कार्यक्रम संचालनलाई वढोत्तरी गर्नको लागी आवश्यक रकम विनियोजन गरेको छु ।

गाउँपालिका भित्र संचालित योजनाहरुको अनुगमन गरि गुणात्मक नतिजा प्राप्तीको लागि तथा बिकाश प्रकृया र सरसफाई अभियानलाई सहज र सरल ढंगले सम्पन्न गर्न आवश्यक पर्ने सवारी साधन खरिदको लागि आगामी आर्थिक बर्ष २०७८/०७९ को आय व्ययको बिबरणबाट रु. १२ लाख विनियोजन गरेको छु ।

कार्यालय सञ्चालनको लागी आवश्यक पर्ने फर्निचर, मेसिनरी औजार खरिद, डि.पि.आर. निमार्ण आई.ई.ई. तयारी विद्युतिय पुर्वाधार निमार्ण लगायतका अन्य क्षेत्रहरुमा रु.४८ लाख विनियोजन गरेको छु ।

| क.सं. | शिर्षक | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|
| क) | **कृषि** | **१०००** | **दश लाख** |
| | मौरी घार वितरण | ४०० | चार लाख |
| | मिनिटिलर | ३०० | तीन लाख |
| | कोदो चुट्ने मेसीन | ३०० | तीन लाख |
| | | | |
| ख) | **खानेपानि तथा सरसफाई** | **१०१५०** | **एक करोड पन्ध्र लाख** |
| | आँपचौर फुयाँलडाडा चपरा खानेपानी अधुरा योजना पुरा गर्न १ | **९५०** | **नौ लाख पचास हजार** |
| | पिपलगैरे खानेपानी ट्यांकी निर्माण -१ | **१००** | **एक लाख** |
| | कल्चौ सिमारा १ घर १ धारा वडा नं १ | **१०००** | **दश लाख** |
| | कोइराला खानेपानी ट्यांकी निर्माण २ | **१००** | **एक लाख** |
| | भरतसिम खानेपानी ट्यांकी निमार्ण २ | **१००** | **एक लाख** |
| | मोही पानी धारो मर्मत सम्भार २ | **५०** | **पचास हजार** |
| | कमेरो कुवा निर्माण २ | १५० | **एक लाख पचास हजार** |
| | मसलीसिम मुहान गरि तारी टोल  वडा नं २ | १५० | **एक लाखपचास हजार** |
| | निउरो घारी मुहान गरि आठविसे खानेपानी व्यवस्थापन वडा नं २ | ३०० | **तिन लाख** |
| | लामपाटे खानपानी आयोजना  वडा नं २ | १०० | **एक लाख** |
| | संसारे सिम मुहान गरि खनाल टोल खानेपानी वडा नं २ | १०० | **एक लाख** |
| | आरुखर्के टोल खानेपानी ट्यांकी निर्माण वडा नं ३ | **१००** | **एक लाख** |
| | कोलेपधेरो खानेपानी रिजर्भ ट्यांकी  निर्माण ३ | **१५०** | **एक लाख पचास हजार** |
| | आनन्द टोल खानेपानी व्यवस्थापन ३ | **१००** | **एक लाख** |
| | सिम्लेखोला मुहान गरी बेलडाडाटोल खानेपानी योजना वडा नं.३ | १०० | **एक लाख** |
| | लीपे मुहान गरि कार्की टोल खानेपानी वडा नं ३ | १०० | **एक लाख** |
| | गुरुङखोला मुहान गरि ठोकरवारी अधिकारीटोल खानेपानी वडानं ४ | १५० | **एक लाख पचास हजार** |

| | | | |
|---|---|---|---|
| | धारापानी बाहुन टोल मुहान निर्माण तथा खानेपानी मर्मत ४ | ३०० | **तीन लाख** |
| | साविक वडा नं ९ मथिल्लो वारी फोकटा जोगी टोल खानेपानी वडा नं ५ | १०० | **एक लाख** |
| | लामिछाने तथा अच्युत खतिवडाको टोल खानेपानी योजना ५ | ५० | **पचास हजार** |
| | नयाँ गाउँ खानेपानी मर्मत वडा नं ५ | ५० | **पचास हजार** |
| | दलित वस्ती वहादुरे टोल खानेपानी व्यवस्थापन वडा नं ५ | १०० | **एक लाख** |
| | भैरवश्रेष्ठको टोलको खानेपानी मर्मत | २५ | **पच्चिस हजार** |
| | मिजार गाउँ खानेपानी मर्मत | २५ | **पच्चिस हजार** |
| | लुईटेल टोल खानेपानी ट्यान्की ५ | ५० | **पचास हजार** |
| | सुवेदी टोल गौतम टोल खानेपानी मर्मत ५ | १५० | एक लाख पचास हजार |
| | खानेपानी पाईप खरिद | ५५०० | **पचपन्न लाख** |
| **ग)** | **संस्कृति** | **७१७०** | **एकहत्तर लाख सत्तरी हजार** |
| | भकुण्डे चौतारा निर्माण १ | २०० | **दई लाख** |
| | पाथेश्वरी मन्दिर निर्माण वडा नं १ | १०० | **एक लाख** |
| | वि.क टोल कुल पुजा मन्दिर निर्माण १ | १०० | **एक लाख** |
| | राई कला तथा संस्कृति सम्वर्द्धन वडा नं १ | ५० | **पचास हजार** |
| | ल्होज्याङ भवन निर्माण वडा नं. ४ साविक वडा नं १ | १५० | **एक लाख पचास हजार** |
| | पिपलगैरी चौतारा तथा मरण पार्टी अधुरो निर्माण गर्न वडा नं १ | २०० | **दुई लाख** |
| | वेसीकठेरी राइ गाउँ चर्च वाल लाउने कार्य वडा नं २ | १०० | **एक लाख** |
| | गुठीथोक राधाकृष्ण मन्दिर मर्मत वडा नं २ | १०० | **एक लाख** |
| | आमा समुह भवन वडा नं २ | १५० | **एक लाख पचास हजार** |
| | छापथोक मरणपार्टी वडा नं २ | १५० | **एक लाख पचास हजार** |
| | कफिलेश्वर मन्दिर व्यवस्थसापन २ | १०० | **एक लाख** |
| | सुन्दरादेवी मन्दिर निर्माण २ | १५० | **एक लाख पचास हजार** |
| | गुठीथोक मरण पाटी निर्माण २ | १५० | **एक लाख पचास हजार** |
| | अधुरो ठाटी निर्माण ठाटी भन्ज्याङ २ | १५० | **एक लाख पचास हजार** |
| | पिपलडाँडा चौतारामा प्रतिक्षालय निर्माण २ | २०० | **दुई लाख** |
| | छापथोक मरण पार्टी २ | १५० | **एक लाख पचास हजार** |
| | कटुवाबेशी चौतारो वडा नं. ३ | १०० | **एक लाख** |

| | | | |
|---|---|---|---|
| | पञ्चकन्या मा.वि थिङ टोल पैदल मार्ग वडा नं ३ | ५० | पचास हजार |
| | वरे चौतारा वडा नं ३ | १५० | एक लाख पचास हजार |
| | वनदेवी कालीका मन्दिर निर्माण वडा नं ३ | १०० | एक लाख |
| | मुहानेश्वर मन्दिर निर्माण ३ | १५० | एक लाख पचास हजार |
| | तल्लो कार्तिके मरण पार्टी निर्माण ३ | २०० | दुई लाख |
| | साघेनी तामांग मरण पार्टी ३ | ५० | पचास हजार |
| | थापाखलकको कुल पुजा मन्दिर निर्माण वडा नं ३ | २५० | दुई लाख पचास हजार |
| | बाङ्गे थालडाडो पैदल मार्ग वडा नं. ४ | २०० | दुई लाख |
| | कुलकुले मरण पाटि निमार्ण ४ | २०० | दुई लाख |
| | साविक २ ठुलोमरण पाटि निमार्ण ४ | २०० | दुई लाख |
| | साविक १ वरुटोल मझुवा साझा मरण पार्टी वडा नं ४ | २०० | दुई लाख |
| | पाचमुरे थिङटोल मरण पाटि निमार्ण ४ | २०० | दुई लाख |
| | स्यांङ्तान टोल लामा टोल मरण पार्टी वडा नं ४ | २०० | दुई लाख |
| | शिवमन्दिर तथा थापा कुल मन्दिर निर्माण ४ | २०० | २ लाख |
| | वडा नं ४ धारा टोल आरुखर्क ल्होज्याङ घर निर्माण | २०० | दुई लाख |
| | जालपा मन्दिर निर्माण ४ | १५० | एक लाख पचास हजार |
| | रुद्रदेवी मन्दिर निर्माण वडा नं ४ | २०० | दुई लाख |
| | राम्चे चौतारा तथा बुद्ध मन्दिर निर्माण वडा नं. ५ | १०० | एक लाख |
| | फुर्केसल्ला तामांग मरण पाटी श्याम बहादुरको टोल वडा नं ५ | १२० | एक लाख बीस हजार |
| | जोगीमारा सल्लाघारी मरण पार्टी ५ | २०० | दूई लाख |
| | वनगाँउ तामाङ मरण पाटी वडा नं ५ | १२० | एक लाख वीस हजार |
| | साविक वडा नं ३ तामांङ मरण पार्टी निर्माण वडा नं ५ | १२० | एक लाख बीस हजार |
| | साविक वडा नं ५ तामांङ मरण पार्टी निर्माण वडा नं ५ | १२० | एक लाख बीस हजार |
| | डी खोला मरण पाटी निर्माण वडा नं ५ | १५० | एक लाख पचास हाजर |
| | साविक वडा नं ६ सिटौला कुल मन्दिर निर्माण वडा नं ५ | ५० | पचास हजार |
| | पञ्चकन्या ५ मन्दिरहरुको निमित्त घन्ट स्थापना ५ | १२० | एक लाख २० हजार |
| | कार्तिकेश्वर महादेव मन्दिरमा शौचाल्य व्यवस्थापन ५ | १५० | एक लाख पचास हजार |
| | बच्छला देवि मन्दिरमा शौचाल्य व्यवस्थापन ५ | १५० | एक लाख पचास हजार |

| | | | |
|---|---|---|---|
| | बनगाँउ तामाङ टोलमा भुमि देवी मन्दिर निर्माण ५ | ५० | **पचास हजार** |
| | फुर्केसल्ला तामांग मरण पाटी जैसीँ गाउँ वडा नं ५ | १२० | **एक लाख बीस हजार** |
| | बसेरी खोला मरण पार्टी वडा नं ५ | १०० | **एक लाख** |
| | कुण्डला मन्दिर सरस्वती मन्दिर निर्माण ५ | १०० | **एक लाख** |
| | शिवालय मन्दिर मर्मत वडा नं ५ | २०० | **दुई लाख** |
| **घ)** | **पुर्वाधार विकास** | **१०२००** | **एक करोड दुई लाख** |
| | स्थानिय स्तरका सडकहरु वडा नं १ का सबै सडकहरु मर्मत एवम् सरसफाई | १००० | **दश लाख** |
| | वानीयाँटार स्वास्थ्य चौकी मोटरवाटो १ | ५०० | **पाँच लाख** |
| | आँपचौर मोटरवाटो ग्राभेल तथा ढल निकासा | ५०० | **पाँच लाख** |
| | सातविसे कृषि मोटरवाटो वडा नं १ ढलान गर्ने कार्य वडा नं १ | ५०० | **पाँच लाख** |
| | राजखोला सिमारा वाटो सडक ढलान गर्ने कार्य वडा नं १ | ५०० | **५ लाख** |
| | स्थानिय स्तरका सडकहरु वडा नं २ का सबै सडकहरु मर्मत एवम् सरसफाइ | १००० | **दश लाख** |
| | काँडेपानी राईगाँउ सडकमा ग्राभेल गर्ने कार्य वडा नं २ | ३०० | **तीन लाख** |
| | स्वास्थ्य चौकी पिपल डाडा भेडावारी सडक वडा नं २ | १५० | **एक लाख पचास हजार** |
| | घरेटी मोक्तान टोल हुँदै साघेनी मोटरवाटो वडा नं २ | १५० | **एक लाख पचास हजार** |
| | कमेरो कुवा महिला भवन भिरवारी जाने वाटो सडक मर्मत वडा नं २ | १५० | **एक लाख पचास हजार** |
| | भण्डारी गाउँ वडा कार्यालयको सडक स्तरोन्नती वडा नं ३ | ३०० | **तिन लाख** |
| | राउटार गैरी गौमती सडक वडा नं ३ | २०० | **दुई लाख** |
| | परमानेभर डल्टार गौमती सडक वडा नं ३ | २०० | **दुई लाख** |
| | बाहुन डाँडा लाकुरीभञ्ज्याङ सडक स्तरोन्नतीवडा नं ३ | १५० | **एक लाख पचार हजार** |

| | | | |
|---|---|---|---|
| | नयाँ विरौटे पाचको घाँटी बासघारी वतासे रिट्टाको वोट सडकमा ढुंगाा सोइलिङ गर्ने कार्य ३ | १५० | **एक लाख पचास हजार** |
| | स्थानिय स्तरका सडकहरु वडा नं ३ का सबै सडकहरु मर्मत एवम् सरसफाई | १००० | **दश लाख** |
| | स्थानिय स्तरका सडकहरु वडा नं ४ का सबै सडकहरु मर्मत एवम् सरसफाई | १३०० | **तेह्र लाख** |
| | वान्द्रे चालिसे वेसीको फाँट मोटरबाटो निर्माण वडा नं ५ | २०० | **दुई लाख** |
| | स्थानिय स्तरका सडकहरु वडा नं ५ का सबै सडकहरु मर्मत एवम् सरसफाई | ११५००० | **एघार लाख पन्ध्र हजार** |
| | साविक ६ पञ्चकन्या ५ मोटरवाटो | २०० | **२ लाख** |
| | बुढीशेरा बच्छला मा.वि पञ्चकन्या ५ | २०० | **२ लाख** |
| | सुन्तलेटार चौतार सुन्दरा मा.वि सडक ५ | १५० | **एक लाख पचास हजार** |
| | शिवालाय वाट मटुकिनि लामिछाने दोवाटो भद्रुटार ५ | १०० | **एक लाख** |
| | सेतीदेवी युवा क्लववाट गोपी खतिवडाको टोल जाने सडक | १५० | **एक लाख पचास हजार** |
| **ङ)** | **संघिय समपुरक अनुदान** | **११६६००** | **एघार करोड छैसठ्ठी लाख** |
| | घलेभन्ज्जयाङ लाकुरी भन्ज्याङ्ग कालिकास्थान २ नं. वडा कार्यालय जेडने सडक स्तरोन्ती (संघ) ( ८३ लाख +८३ लाख) | ११६६०० | **एक करोड छैसठ्ठी लाख** |
| **च** | **भवन तथा शहरी विकास आयोजना** | **१९०५०** | **एक करोड नव्वे लाख पचास हजार** |
| | महिला सामजिक संजाल भवन निर्माण १ | **२००** | **दुई लाख** |
| | गाउँपालिका स्थायी भवन निमार्ण गर्ने कार्य | १५००० | **एक करोड पचास लाख** |
| | वडा नं १ वडा कार्यालय भवन निमार्ण | २००० | **बिस लाख** |
| | ढुंगेकुडार गाउँघर क्लिनिक भवन निर्माण | ३०० | ३ लाख |
| | क्षेत्रपाल आ.वि भवन निर्माण | ६०० | **छ लाख** |
| | मानथोक भजन मण्डल समुह भवन निर्माण | २५० | **दुई लाख पचास हजार** |
| | भेडावारी मा.वि वडा नं ५ | ५०० | **पाँच लाख** |
| | कुलकुले तामांङ समुहको भाडा कुडा राख्ने घर निर्माण | २०० | **दुई लाख** |
| **छ)** | **सिंचाई पाईप खरिद** | **१३००** | **तेह्र लाख** |

| | | | |
|---|---|---|---|
| **ज)** | **सिंचाई** | **१२५०** | **तेह्र लाख पचास हजार** |
| | कठेरी गाउँ सिचााई मर्मत वडा नं २ | १०० | **एक लाख** |
| | आलेखोल्वा वेदेनी सिंचाई  २ | १०० | **एक लाख** |
| | अधेरी खोल्वा हुँदै पच्चसिय सिंचाइ २ | १०० | **एक लाख** |
| | गोमती खोला मुहान गरि दरमादी फाँट सिंचाई वडा नं  ३ | १०० | **एक लाख** |
| | महावीर खोला मुहान गरि आलेखेत डाँडा खेत सिंचाइ ३ | १५० | **एक लाख पचास हजार** |
| | छमुरे पयवाली सिचाई वडा नं ३ | ५० | **पचास हजार** |
| | गौमती सैरेनी स्कूल डाँडा सिंचाई मर्मत वडा नं ४ | १०० | **एक लाख** |
| | सिंघारे खोला खोरिया वारी हुँदै सिंघारे खेत सिंचाई ममर्त ४ | १०० | **एक लाख** |
| | घटटे खोला छमुरे ठकरी टोल सिंचाईवडा नं ४ | १५० | **एक लाख पचास हजार** |
| | रातोघर जोडने ठुलो चौर सिंचाई ५ | ५० | **पचास हजार** |
| | साविक वडा नं ३ जुंगे हुँदै कट्ट फाँट सिंचाई ५ | ५० | **पचास हजार** |
| | अधेरी खोल्वा मुहान गरि आलेडाडो देउराली कुलो मर्मत ५ | १०० | **एक लाख** |
| | सिस्नेघारी मुहान गरि जोगीटार सिंचाई ५ | १०० | **एक लाख** |
| **झ)** | **प्रदेश समपुरक कार्यक्रम** | **५९९७४** | |
| | रोटेपानी बाहुन डाडा क्याप्टेनडाडासडक स्तरोन्नती ( ५० लाख + ५० लाख ) | १०००० | **एक करोड** |
| | छह्रे आडबिसे भेडाबारी मा.बि. बयगाउ कोटथोक सडक स्तरोन्नती ( ५० लाख + ५० लाख ) | १०००० | **एक करोड** |
| | छह्रे राष्ट्यि मा.बि. सडक कालो पत्रे ( ९९ लाख ९८ हजार लाख + ९९ लाख ९८ हजार) | १९९९६ | **एक करोड उनान्सय लाख छयानब्बे हजार** |
| | सातबिसे मंगला टोडकेभन्ज्याङ्ग सडक स्तरोन्नती ( ९९ लाख ८९ हजार  + ९९ लाख ८९ हजार  ) | १९९७८ | **एक करोड उनान्सय लाख अठहत्तर हजार** |
| **ञ** | **अन्य** | | |
| | सवारी साधन खरिद | १२०० | **बाह्र लाख** |
| | मेसिनरी तथा औजार | ५०० | **पाच लाख** |
| | आई.इ्.ई | १००० | **दश लाख** |
| | फर्निचर खरिद | ५०० | **पाँच लाख** |
| | स्वास्थ्य एम्बुलेन्स खरिद | १८०० | **अठार लाख** |
| | डि.पि. आर | १००० | **दश्च लाख** |
| | विद्युतिय पुर्वाधार | १८०० | **अठार लाख** |

| | | | |
|---|---|---|---|
| | आकस्मिक रुपमा आईपर्ने आर्थिक, सामाजिक, पुर्वाधार, वातावरण तथा विविध व्यवस्थापन र संस्थागत विकास, सेवा पैवाह सुसासन सम्वन्धि योजनाहरु | १०००० | **एक करोड** |
| | गाऊपालिका स्तरिय खानेपानि वैकल्पीक उर्जा, सडक निर्माण तथा अन्य पुर्वाधार म्याचिङ फण्ड | २०००० | **दुई करोड** |
| **ट)** | **संघिय सरकार विषेस अनुदान कार्यक्रम** | **४२००** | **बयालिस लाख** |
| | वडा नं. ३ बृहत  खानेपानी आयोजना घलेभन्ज्याङ्ग | ४२०० | **बयालिस लाख** |
| **ठ)** | **प्रदेश सरकारको ससर्त अनुदानबाट सम्पन्न हुने योजनाहरु** | **१६८१९** | **एक करोड अठसठ्ठी लाख उन्नाइस हजार** |
| | बेसरी सिंचाइ र भेडावारी मुलकुलो सिंचाइ योजना पन्चकन्या ५ | २००० | बीस लाख |
| | बेशी कठेरी खानेपानी योजना पन्चकन्या २ | २००० | बीस लाख |
| | जेस्वारा मुहान हुदै तल्लो कात्तिके खानेपानी योजना पन्चकन्या ३ | २००० | बीस लाख |
| | गणेस्थान कोइरालाचेत आलडाडा गाढे सडक पन्चकन्या २ | २००० | बीस लाख |
| | तादि पुल नौटारी ढकालगाढे सडक स्तरोन्नती | २००० | बीस लाख |
| | एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन निरन्तरता | १५७५ | पन्ध्र लाख पचहत्तर हजार |
| | स्वास्थ्य स्वयं सेविकाहरुका लागि सञ्चार खर्च | १८० | एक लाख असी हजार |
| | नयूनतम सेवा मापदण्ड ( minimum Service Standard – Mss ) सुधारका लागि स्वास्थ्य संस्था ( प्र.स्वा.के / हेपो ) लाई सर्शत अनुदान | २०० | दुई लाख |
| | सामुदायिक स्वास्थ्य इकाई सञ्चालन अनुदान | ७०० | सात लाख |
| | माध्यमिक तहमा शुन्य दरवन्दी भएका सामुदायिक विद्यालय अंग्रेजी /गणीत /विज्ञान शिक्षकका लागि शिक्षण सहयोग अनुदान | २९६४ | उनन्तीस लाख चौसठ्ठी हजार |
| | वालविवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम | १५० | एक लाख पचास |
| | अपांगता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनस्थापना सहयोग कार्यक्रम | ३०० | तिन लाख |
| | बालमैत्री स्थानीय तह घोषण प्रोत्साहण कार्यक्रम | १५० | एक लाख पजास हजार |
| | बावु आमा विहिन वालवालिका संरक्षण कार्यक्रम | ५०० | पाँच  लाख |
| **ढ)** | **स्वास्थ्य** | ३०० | **तिन लाख** |

| | | | |
|---|---|---|---|
| | मिश्रगाउँ सामुदायिक स्वास्थ्य केन्द्र मर्मत सम्भार वडा नं २ | ५० | ५० हजार |
| | राइगाँउ स्वास्थ्य चौकी रंग लाउने कार्य वडा नं २ | ५० | ५० हजार |
| | थप्रेक उदयजालपा स्वास्थ्य इकाइभवनमा कम्पाउण्ड वाल लाउने कार्य वडा नं ४ | २०० | दुई लाख |
| **ण)** | **भुसंरक्षण** | **३००** | **तीन लाख** |
| | **गैरीवारी कुलो पहिरो नियन्त्रण** | १०० | एक लाख |
| | **पहिरोको टाकुरो गिरि गाउँ पहिरो नियन्त्रण** | २०० | दुई लाख |
| **त)** | **गाउँपालिकाद्धारा सञ्चालन गरिने आयोजना** | **११०००** | **एक करोड दश लाख** |
| | लामाटोल खानेपानी ट्यान्की संरक्षण तथा मर्मत कार्य | **३००** | **तीन लाख** |
| | पञ्चकन्या मन्दिर निमार्ण | ५०० | **पाच लाख** |
